# प्रेश विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले नेपाल ज्यादै न्यून कार्बन उत्सर्जन गर्ने मुलुक भए पनि जलवायु परिवर्तनको दुष्प्रभावको मारमा निरन्तर परिरहेको बताउनु भएकोछ | उहाँले उक्त कुरा विभिन्न मुलुकका राष्ट्राधक्ष्य, सरकार प्रमुखहरु सम्मिलित जलवायु परिवर्तन सम्बन्धि महासन्धिको २४ औं सम्मेलनलाई पोल्याण्डको क्यातोविचमा आज सम्वोधन गर्दै बताउनु भएको हो |

जलवायु परिवर्तनबाट नेपालका हिमशिखर पग्लिने, नदीका जलाधार प्रणाली प्रभावित हुने, हिमपहिरो, बाढी, पहिरो र खडेरीका घटनाबाट प्राकृतिक स्रोतमा नकारात्मक प्रभाव परेको बताउदै सम्माननीय राष्ट्रपतिले हाम्रो राष्ट्रिय आयको ठूलो हिस्सा प्राकृतिक प्रकोपबाट उत्पन्न समस्या समाधानमा खर्चिनु परेको उल्लेख गर्नु भयो |

यस्ता घटनाहरूको प्रत्यक्ष असर महिला र विपन्न वर्गमा झन बढी पर्ने गरेको कुरामा राष्ट्रपतिले जोड दिनु भयो | नेपाल जस्ता मुलुकले नगरेको नबिगारेको कसुरको सजाय भोग्नु परेको बताउदै निर्दोषहरू माथि अन्याय हुन नदिन विश्व समुदाय समक्ष उहाँले आव्हान गर्नु भयो |

सम्माननीय राष्ट्रपतिज्यूले हालै सार्वजनिक गरिएको IPCC को विशेष प्रतिवेदनले तय गरेको १.५ डिग्री सेल्सियस तापक्रम स्थिर राख्ने थ्रेसहोल्ड भित्रै कार्बन उत्सर्जनलाई सिमित गर्न अन्तराष्ट्रिय समुदायलाई आग्रह गर्नु भयो |

नेपालमा पेरिस सम्झौतालाई प्रभावकारी कार्यान्वयन गर्न, जलवायु परिवर्तन नीति र जलवायु परिवर्तनमा राष्ट्रिय योगदान (NDC) लाई पुनरावलोकन गरी समय सापेक्ष बनाउने र तिनको कार्यान्वयनका लागि दीर्घकालिन रणनीति तयार भई रहेको बताउदै नेपालले अपनाई आएको अनुकुलन र न्यूनीकरण (adaptation and mitigation) सम्वन्धि विभिन्न कार्यहरुबारे अन्तराष्ट्रिय समुदायलाई जानकारी गराउनु भयो |

उहाँले जलवायु परिवर्तन सम्वन्धि समस्यासँग मुकाविला गर्न नेपाल जस्ता अति कम विकसित मुलुकहरुलाई ज्ञान, सिप, प्रविधि र वित्तीय सहयोग (climate finance) को आवश्यकतामा जोड दिनु भयो |

स्वच्छ र सुरक्षित  प्राकृतिक वातावरणमा बाँच्न पाउने भावी सन्ततिको अधिकार रक्षा गर्नु सबैको सामुहिक दायित्व भएको उल्लेख गर्दै सम्माननीय राश्त्रपतिज्यूले पेरिस सम्झौता कार्यान्वयनमा नेपालको प्रतिवद्धता दोहोराउनु भयो |

सम्वोधनको पूर्ण पाठ संलग्न छ |

**परराष्ट्र मन्त्रालय**
**काठमान्डौ**
**२०७५/०८/ १७**